धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.):

मितिः२०७७/०४/३०

## अवधि लम्ब्याईएको सम्बन्धी धनगढीमाई नगरपालिकाद्वारा जारी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, वैक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी/कर्मचारीहरुमा समेत यसको संक्रमण देखिएको, संक्रमण क्रमशः समुदायस्तरमा फैलन सक्ने सम्भावना समेत रहेको वर्तमान परिपेक्ष्यमा उच्च सजगता अपनाई संक्रमणलाई रोक्न जरुरी भएको हुँदा संक्रमण रोग ऐन,२०२० को दफा २ बमोजिम मिति २०७७/०४/३२ राति १२:०० बजे सम्म गरिएको बन्दाबन्दीको समयावधि २०७७/०५/०५ गते राति १२:०० बजे सम्म थपि धनगढीमाई नगरपालिका क्षेत्रभित्र देहाय अनुसारका सेवाहरु/गतिविधिहरु बन्द गर्ने गरी मिति २०७७/०४/३० गते बसेको कोरोना आपतकालिन व्यवस्थापन केन्द्र (CCMC) को बैठकले निर्णय गरेको हुँदा सम्बद्ध सबै सरोकारवालाहरुको जानकारी एवं परिपालनाको लागि यो सूचना जारी गरिएको छ ।

तपशिलः

१. अत्यावश्यक सेवा संग सम्वन्धित वाहेक सम्पूर्ण हाट बजार, सैलुन, पान पसल, होटल, चिया पसल, निजी, सरकारी कार्यालय, वैक तथा वित्तीय संस्थाहरुवाट प्रदान गरिने सेवाहरु पूर्ण रुपमा वन्द गर्ने ।
२. नगरपालिका अन्तर्गत रहेका कार्यालयहरुबाट प्रदान गरिने अति आवश्यक सेवा वाहेकका सबै सेवाहरु बन्द गर्ने ।
३. सबै खालका सार्वजनिक यातायातका साधनहरु पूर्ण रुपमा वन्द गर्ने ।
४. हाट वजार लाग्ने दिन उक्त हाट र वजार क्षेत्रका सम्पूर्ण पसलहरु पूर्ण रुप वन्द गर्ने ।
५. अति आवश्यक सेवाहरु खाद्यान्न, दूध, पानी, ग्यास, पेट्रोल, औषधि जस्ता सेवाहरु नागरिकहरुलाई उपलब्ध गराउन सकिने । सेवा उपलव्ध गराउँदा सम्वन्धित पसल धनी स्वयंले र ग्राहकलाई समेत मास्क, सेनिटाइजरको प्रयोग गर्ने, भौतिक/सामाजिक दुरी (२ मिटर) कायम राख्ने, पटक-पटक सावुन पानीले हातधुने कार्य गर्ने/गर्न लगाउने ।

उल्लेखित निर्णयहरु परिपालना गर्न सवै व्यवसायमा संलग्न महानुभावहरु, सार्वजनिक निकायका जिम्मेवार व्यक्तिहरु तथा आम नगरवासीहरुमा धनगढीमाई नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

.............................
(शिवराज चौलागाईं)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, सिरहा ।